परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ३६ पष्ठ ४ २०८२ मंसिर ११ गते, बिहिबार 27 November, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## बर्दिवास-१४ का रेल्वे पीडितको मुआब्जा समस्या समाधानतर्फ : मन्त्री परिषद्मा पेश गरिने आश्वासन

टक नेपाल

**बर्दिवास ।** राष्ट्रिय गौरवको आयोजना अन्तर्गत जयनगर-बर्दिवास हुँदै पूर्व-पश्चिम विद्युतीय रेल निर्माण कार्य अघि बढिरहेका बेला बर्दिवास नगरपालिका-१४ (साविक २५ नं. बहादुरगंज-२ (ख)) मा पर्ने १४ घर जग्गाधनी तथा बसोबासकर्ताहरूले उचित मुआब्जा नपाएका कारण निर्माण कार्यमा पटक-पटक अवरोध सिर्जना हुँदै आएको छ। रेल्वेको रेखांकन अनुसार साविक कित्ता नं. ८५ र ८९ बदर भइसकेको तथा कुलो, खोल्सी-पैनी र मुठ्यौनी छुट्टाछुट्टै बाखडा गने व्यवस्था राखिँदा मुआब्जा वितरणमा थप अन्योलता पैदा भएको स्थानीयहरूको गुनासो छ। यस्तै, महेन्द्र राजमार्गसम्म पुग्ने बाटोले छोएका साविक कित्ता नं. ७० र ४७४ का जग्गाधनीले समेत तोकिएको दररेटअनुसार मुआब्जा नपाएको भन्दै पटक-पटक अनुरोध गर्दै आएका थिए।

**यसैगरी मुआब्जा निर्धारण समिति बैठकको निर्णय**

मुआब्जा निर्धारण समिति, महोत्तरीको बैठकले साविक बहादुरगंज-२ (ख) का किल्ला नं. १८, २०, २४ र २५ मा दर्जा-श्रेष्टा नाम भएका व्यक्तिहरू ९० दिनसम्म सम्पर्कमा नआएको तथा सो भूभागमा ५० वर्षदेखि घर बनाएर बसोबास गरेका व्यक्तिहरूले 'मुआब्जा पाउनु' पर्ने आधारसहित निवेदन दिएका कारण, घर बनाएर बसोबास गरिरहेका वास्तविक हकवाला व्यक्तिलाई मुआब्जा उपलब्ध गराउने विषयमा प्रक्रिया अघि बढाउन बर्दिवास नगरपालिकालाई पत्राचार गरेको थियो।

यही निर्णयका आधारमा बर्दिवास नगरपालिकाको च.न. ६२७, मिति २०८१/०५/२५ मा समेत वास्तविक प्रभावितलाई मुआब्जा दिन सम्बन्धित निकायलाई पत्र लेखिएको थियो।



२०८२/०८/०८ को त्रिपक्षीय समझदारी

मिति २०८२/०८/०८ मा बर्दिवास नगरपालिका, रेल विभाग तथा साविक बहादुरगंज-२(ख) का १४ घरधुरीबीचको त्रिपक्षीय छलफलमा रेल्वे स्टेशन क्षेत्रका किल्ला नं. १८, २०, २४, २५, २६, २९ र ३० मा ५० वर्षदेखि बसोबास गर्दै आएका स्थानीय परिवारले अन्य क्षेत्रका 'नम्बरी जग्गा' सरह मुआब्जा पाउनुपर्ने माग उठाइयो।

उक्त परिवारले २०८१ साउन १ गतेदेखि निर्माण कार्य अवरुद्ध गर्दै आएका थिए। सो जग्गाका श्रेष्ता नाम भएका व्यक्तिहरू दशकौँ अघि अन्यत्र बसाइँ सरेपछि हक-हस्तान्तरण समापन हुन नसकेको तथा वास्तविक हकभोगकर्ताहरू ५० वर्षदेखि बसोबास गर्दै आएको प्रमाणित कागजात नगरपालिकाले प्रस्तुत गरेपछि प्रक्रिया तीव्र बनाउन समन्वय अघि बढेको हो।

**नगर प्रमुखको नेतृत्वमा मन्त्रीलाई अवगत–समाधानको आश्वासन**

नगर प्रमुख प्रह्लाद कुमार क्षेत्रीको नेतृत्वमा स्थानीय १४ घरधुरीका पीडित तथा प्रतिनिधिसहित रेल विभागका अधिकारीहरूले उर्जा, जलस्रोत तथा सिँचाइ (यातायात व्यवस्था) मन्त्री कुलमान घिसिङलाई विषयमा विस्तृत जानकारी गराए।

सो क्रममा पीडितलाई 'नम्बरी जग्गा सरह' मुआब्जा दिनुपर्ने स्थानीय माग, सर्वेक्षण-रेखांकनका आधारमा मापदण्ड तय गरिएको समस्या तथा अवरोधले राष्ट्रिय गौरवको योजना ढिलाइ हुन लागेको विषय प्रस्तुत गरिएको थियो।

मन्त्री घिसिङले बर्दिवास नगरपालिका र रेल्वे पीडितको मागलाई मन्त्री परिषद्को बैठकमा पेश गरी छलफल गर्ने तथा उचित समाधान निकालिने आश्वासन दिएका छन्।

**स्थानीयस्तरमा आशा बलियो**

त्रिपक्षीय समझदारी तथा मन्त्रीस्तरीय प्रतिबद्धतापछि समस्याको अध्ययन गरी यथाशीघ्र न्याय दिने प्रक्रिया अघि बढ्ने अपेक्षा स्थानीयवासीले व्यक्त गरेका छन्। स्थानीयले भनेका छन्, "राष्ट्रिय गौरवको योजना विकासका लागि हो। हामी अवरोध गर्न चाहदैनौं, तर जीवनभर बसेको घर-जग्गाको उचित मूल्यांकन र न्याय चाहिन्छ।"

यससँगै बर्दिवास-१४ को रेल्वे मुआब्जा विवाद समाधानको दिशातर्फ ठोस कदम अघि बढेको देखिएको छ ।

## मधेश प्रदेश सरकारको मन्त्रिपरिषदको निर्णयहरू सार्वजनिक



टक नेपाल

**जनकपुरधाम ।** मधेश प्रदेश सरकारले कृषि, किसान हित, सुशासन र युवासम्बन्धी कार्यक्रमलाई केन्द्रमा राख्दै गरेका महत्वपूर्ण निर्णयहरु सार्वजनिक गरेको छ । मल अभाव, प्राकृतिक विपत्तिका कारण किसानहरूलाई क्षति पुगेको समयमा सरकारले सघन अनुगमन, राहत तथा भुक्तानी प्रक्रियालाई तीव्रता दिने निर्णय गरेको हो ।

सरकारले नेपाल सरकारद्वारा स्वीकृत मल वितरण व्यवस्थापन कार्यविधि-२०८२ अनुसार प्रदेशको आठै जिल्लामा मलको कालोबजारी, ढिलासुस्ती र अनियमितता नियन्त्रण गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेका मल वितरण समितिलाई सक्रिय बनाउने निर्णय गरेको मुख्यमन्त्री सरोजकुमार यादवले जानकारी दिए । मल नउठाउने वा वितरणमा ढिलाइ गर्ने सहकारी तथा विक्रेताको कोटा तत्काल कटौती गरी आवश्यक स्थानमा स्थानान्तरण गरिने र कानुनी कारबाहीसहित कडाइ अपनाइने मुख्यमन्त्री यादवले बताए । त्यस्तै, गत वर्षदेखि रोकिएको उखु प्रवर्द्धन खर्च-प्रति क्विन्टल ७० रुपैयाँ-नपाउँदा किसान र उद्योग दुवै प्रभावित भइरहेका भन्दै प्रदेश सरकारले संघीय सरकारलाई बक्यौता रकम तुरुन्त निकासा गर्न उनले आग्रह गरे ।

समयमा पानी नपर्नु, सिँचाइ अभाव, मल-बिउको समस्या र अन्त्यमा मोन्था आँधीले धानबालीमा ठूलै क्षति पुगेको पृष्ठभूमिमा क्षति दर्ता गराएका किसानलाई प्रति कठ्ठा १५सय रुपैयाँ राहत वितरणको प्रक्रिया प्रदेश सरकारले अगाडी बढाएको छ ।

प्रदेश सरकारले १८ वर्षदेखि ३५ वर्ष उमेर समूहका स्नातक उतीर्ण गरेका तर बेरोजगार रहेका युवालाई प्रति महिना २ हजार रुपैयाँ जीवन निर्वाह भत्ता प्रदान गर्ने कार्यक्रमको तयारी प्रदेश सरकारले गरिरहेको जानकारी समेत मुख्यमन्त्री यादवले दिए । त्यस्तै मधेश आन्दोलनका शहीदहरूलाई सम्मानित गर्न ल्याइएको 'मधेश रत्न सम्मान' कार्यक्रम सञ्चालनका लागि कार्यविधि निर्माण प्रक्रिया पनि जारी रहेको उनले बताए ।



परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### निर्वाचनको मूल दायित्वबाट बरालिएर नियुक्तिमा अलमलिँदै सरकार

२०७७ यताका दलीय प्रधानमन्त्रीहरूले आफ्नो शक्तिको प्रभाव स्थापित गर्नका लागि गिजोल्दै आएको संवैधानिक परिषद्को बैठक र निर्णयका प्रक्रियालाई थप गिजोल्न नागरिक सरकारका प्रधानमन्त्री सुशीला कार्कीसमेत अग्रसर भएकी छन् । निर्वाचन गर्ने उद्देश्यका लागि गठन गरिएको सरकारले विभिन्न संवैधानिक आयोगहरूमा नियुक्तिको बाटो खोल्ने प्रयोजनका लागि अध्यादेश सिफारिस गरेको हो । यसअघि नै राजदूत फिर्ता बोलाउने, भूमि समस्या समाधान आयोग र त्यसका जिल्ला समिति खारेज गर्ने, 'ट्याक्स हेभन कन्ट्री' मोरिससको 'सेल कम्पनी' मार्फत नेपालमा लगानी ल्याएको डोल्मा इम्प्याक्ट फन्डलाई आयकर छुट दिने, नेपालमा आयात प्रतिबन्ध लगाइसकिएको 'युरो थ्री' मापदण्डका सवारीसाधन आयात अनुमति पनि खुला गर्नेजस्ता निर्णय विवादमा परिसकेका छन् ।

निर्वाचनसँग सरोकार नै नभएका र सुशासनका लागि पनि नसघाउने निर्णयतर्फ रुचि राख्न थालेका कारण भइरहेको आलोचनाबाट पाठ सिक्दै संयमित हुनुको सट्टा थप विवादास्पद निर्णय गरिनु उदेकलाग्दो छ । संवैधानिक परिषद्सम्बन्धी अध्यादेशको आलोचनाको अर्थ पनि त्यही हो- सरकार निर्वाचनतर्फ नै केन्द्रित हुनुपर्छ । संवैधानिक निकायका पदाधिकारी तथा राजदूत नियुक्तिका लागि मन्त्रिपरिषद्को २ मंसिरको बैठकले संविधानविपरीतका प्रावधान राखेर 'संवैधानिक परिषद्सम्बन्धी ऐन संशोधन गर्ने अध्यादेश' सिफारिस गरेको हो । अध्यादेशमा परिषद्का सदस्य अल्पमतमा परेको अवस्थामा समेत संवैधानिक नियुक्ति गर्ने बाटो खोजिएको छ । त्यस्तै, अध्यादेशअनुसार नियुक्त भएका पदाधिकारीले पदबहाली गरी काम गर्ने तर संसदीय सुनुवाइ भने आगामी संसद्बाट हुने प्रावधान राखिएको छ । प्रतिनिधिसभा गठन भएको ४५ दिनभित्र संसदीय सुनुवाइ समितिले त्यस्तो पदाधिकारीको नाम अनुमोदन नगर्ने निर्णय गरेमा निज स्वतः पदमुक्त हुने भनिएको छ । सरकारले निर्वाचन आयोगमा प्रमुख आयुक्त र एक आयुक्त पद रिक्त रहेकाले निर्वाचन गराउन त्यहाँ पदपूर्ति आवश्यक परेको भन्दै संवैधानिक परिषद् विधेयक संशोधन गर्न खोजेको हो । तर अध्यादेश जारी भएमा निर्वाचन आयोगदेखि वित्त आयोगसम्म १४ संवैधानिक पदमा नियुक्ति गर्न सरकारलाई बाटो खुला हुनेछ । त्यस्तै, यही सरकारले हालै राजदूत फिर्ता बोलाएका ११ देशमा राजदूत नियुक्ति गर्न पाउनेछ । अध्यादेशमा जुन किसिमको प्रावधान राखिएको छ, त्यो संवैधानिक प्रावधानविपरीत छ । संविधानको धारा २९२ मा संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद् सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनुअघि संसदीय सुनुवाइ हुने उल्लेख छ ।

नियुक्त हुनुअघि नै संसदीय सुनुवाइ गरिनुपर्ने पदमा नियुक्त भइसकेपछि गर्न मिल्ने प्रावधान राख्नु संविधानमाथि नै हस्तक्षेप गर्नु वा संशोधन गर्न खोज्नु हो । यस्तो प्रवृत्तिले शासकीय अभिमान प्रस्फुटन गर्छ नै, संविधानलाई समेत कमजोर बनाउँछ । प्रधानन्यायाधीश भइसकेकी कार्कीले प्रधानमन्त्री हुँदा संविधानको मर्म र भावना जोगाउनेछिन् भन्ने अपेक्षा गरिएको थियो ।

जेन-जीले उनलाई प्रधानमन्त्री प्रस्ताव गर्दा र प्रधानमन्त्री बनेपछि उनले आमसमर्थन पाउँदै गर्दाको अन्तर्य यही हो । तर उनका गतिविधिले संशय जन्माएको छ । अर्कोतर्फ, यो अध्यादेश निर्वाचनलाई सहयोग पुऱ्याउने वातावरण निर्माणका लागि अघि बढाइएको होइन, बृहत् नियुक्तिको बाटो खोल्ने अभिप्रायः राखिएको छ । नियुक्ति-बर्खास्तीको खेल खेल्ने काम चुनावी सरकारको होइन । उसै पनि निर्वाचनको मिति घोषणा भइसकेपछि यस्तो काम गरिँदैनन् । अध्यादेशले निर्वाचनका मात्रै होइन, सुशासनका लागि पनि योगदान गर्दैन । बरु सुशासनलाई अवरोध नै पुऱ्याउँछ । कार्यशैली हेर्दा वर्तमान सरकार पनि यसअघिकै सरकारको निरन्तरताजस्तो देखिन थालेको छ । परिस्थिति र पात्र फरक भए पनि कार्यशैली र नियत उस्तै देखिन थालेको छ । नियमित सरकारकै पालामा पनि अध्यादेशलाई बाध्यताको उपज ठानिने गर्छ । महत्त्वपूर्ण कामका लागि कानुनी प्रबन्ध गर्नैपर्ने भएमा अध्यादेश ल्याइन्छ । अहिलेको सरकारले संसद्बाट कानुन बनाउन नसक्ने भएकाले कतिपय अध्यादेशलाई बाध्यात्मक पनि मानिन्छ । औचित्यका कारणमा अध्यादेशले समर्थन पनि पाउँछ । जस्तो कि, २१ फागुनमा हुने निर्वाचनमा युवा सहभागिता अझै बृहत् बनोस् भन्ने उद्देश्य राखेर मतदाता नामावली संकलनको अवधि बढाउने गरी 'मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश' जारी भएको थियो । त्यति बेला यसले प्रशंसा नै पाएको थियो । संवैधानिक परिषद्सम्बन्धी अध्यादेशमा त्यस्तो स्थिति छैन । किनकि, त्यसले सरकारको काम रोक्दैन । सरकारले ठूलो र राम्रो उद्देश्य राखेकाले अध्यादेश जारी हुनुपर्छ भनेर सार्वजनिक औचित्य पनि स्थापित हुँदैन । सार्वजनिक जवाफदेहिता स्थापित हुन नसक्ने गरी नियुक्तिका शृंखला चलाउन खोज्नु जेन-जी आन्दोलनको पनि भावनाविपरीत हो । जेन-जीले खोजेको सुशासन, विधिको शासन तथा पारदर्शिताजस्ता विषयलाई संवैधानिक परिषद्सम्बन्धी अध्यादेशले झनै कमजोर बनाउँछ । जुन आन्दोलनले आफूलाई जिम्मेवारी सुम्पियो, त्यही आन्दोलनको मर्मविपरीत अघि बढ्ने रुचि प्रधानमन्त्री कार्कीले त्याग्नुपर्छ ।

व्यक्तिगत र दलीय स्वार्थअनुसार मनपरी ढंगले शासन चलाउने छवि यसअघि शासनमा रहेका नेताहरूको हो ।

# परालको कुन्युबाट २ क्विन्टलभन्दा बढी गाँजा बरामद

● टक नेपाल

सशस्त्र प्रहरीले दुई क्विन्टलभन्दा बढी गाँजा बरामद गरेको छ । सशस्त्र प्रहरीले खेतमा परालको कुन्युभित्र लुकाएको गाँजा बरामद गरेको हो ।

विन्दवासिनी गाउँपालिका-५ बटसौरामा सशस्त्र प्रहरीको टोलीले २० वटा पोकामा २ सय १३ किलो गाँजा बरामद भएको छ ।

पर्सा सशस्त्र प्रहरी उपरीक्षक पुरनचन्द्र भट्टले हाल उक्त गाजा बेवारिसे अवस्थामा फेला परेको बताए । गाँजा तस्कर गिरोहको खोजी भइरहेको उनले बताए ।



# मस्तिष्क विकासका पाँच चरण, कुन चरणमा कसरी गुज्रन्छ ?

● टक नेपाल



वैज्ञानिकहरुले मानव मस्तिष्क विकासको पाँच चरणको पहिचान गरेका छन् । हाम्रो शिशुकालदेखि बुढेशकालसम्मको न्युरल वायरिङ परिवर्तनबारे यो अहिलेसम्मकै सबैभन्दा बिस्तृत अध्ययन रहेको बेलायती सञ्चारमाध्यम द गार्डियनमा प्रकाशित समाचारमा उल्लेख छ । नेचर डटकममा प्रकाशित यस अध्ययनका क्रममा एक वर्षदेखि ९० वर्षसम्मका झन्डै ४ हजार मानिसको मस्तिष्क स्क्यान गरिएको थियो । अध्ययनले पाँचवटा बृहद चरणको खुलासा गरेको छ । त्यसलाई चारवटा प्रमुख टर्निङ पोइन्टका रुपमा विभाजन गरिएको छ । जहाँ मस्तिष्क फरक अवस्थामा प्रवेश गर्छ । ९, ३२ वर्ष, ६६ वर्ष र ८३ वर्षमा मस्तिष्कको अवस्था रुपान्तरण हुने यसले देखाएको छ ।

जसअनुसार जन्मदेखि ९ वर्षको उमेरसम्मको अवस्थालाई शिशु अवस्थादेखि बाल्यवस्था मानिएको छ । ९ देखि ३२ वर्षसम्मको अवस्थालाई दोस्रो अवधि मानिएको छ । यसपछि मात्रै मानिसको मस्तिष्कको न्युरल वायरिङ वयस्क मोडमा जान्छ । जो सबैभन्दा लामो अर्थात् ३२ देखि ६६ वर्षसम्म रहन्छ । ६६ वर्षको उमेरमा मात्रै मानिसको मस्तिष्कमा बुढ्यौली सुरु हुन्छ । र, ८३ वर्षको उमेरमा गएर यो बुढो हुन थाल्छ । वैज्ञानिकहरुले १२ वटा विधिमार्फत यसबारे अध्ययन गरेका थिए । ५ शिशु अवस्थादेखि बाल्यअवस्थासम्मको अवधिमा हाम्रो मस्तिष्क 'नेटवर्क कन्सोलिडेशन' प्रक्रियाबाट गुज्रन्छ । शिशुहरुको मस्तिष्कमा धेरै साइनाप्स (न्युरोनहरुबीचका कनेक्सन ) हुन्छन्, तर धेरै प्रयोग भएका साइनाप्समात्रै बाँच्छन् । यस अवधिमा मस्तिष्कको वायरिङ केही हदसम्म कम प्रभावकारी हुन्छ । यस समय मस्तिष्कको ग्रे र ह्वाइट म्याटर निकै चाडों बढ्छन् । जसले मस्तिष्कको बाहिरी तहलाई पातलो बनाउँछ र सतहका फोल्डहरुलाई स्थिर राख्छ ।

दोस्रो चरणमा ह्वाइट म्याटर बढ्दै जान्छ । जसले मस्तिष्कका सञ्चार नेटवर्कलाई थप व्यवस्थित बनाउँछ । यस समय मस्तिष्कको सम्पर्क थप प्रभावकारी हुन्छ र यसले सोचाई र सिकाईमा सुधार ल्याउँछ । 'हामीले यो भनेका होइनौं कि २० वर्षको अन्त्यतिर पुगेका मानिसहरु पनि किशोर झैं व्यवहार गर्छन् वा उनीहरु मस्तिष्क किशोरजस्तै हुन्छ,' अध्ययनको नेतृत्व गरेकी एलेक्सा माउस्लेले भनिन्, 'यो वास्तवमा प्याट्र्नको परिवर्तन हो ।' उनले यस अध्ययनले मानसिक स्वास्थ्य समस्यासँग जोडिएका जोखिमलाई कम गर्नका लागि सहयोग गर्ने बताइन् । यस्तो समस्या प्रायः दोस्रो चरणमा देखिने गर्छ । ३२ वर्षको आसपास मानिसको मस्तिस्कमा सबैभन्दा शक्तिशाली रुपान्तरण हुन्छ । अभिभाकत्वले पनि यस्तो परिवर्तन गराउँछ । यद्यपी, यसबारे बिस्तृत अध्यनन हुनै बाँकी छ । 'हामीलाई थाहा छ बच्चा जन्माएपछि आमाको मस्तिष्क परिवर्तन हुन थाल्छ,' माउस्लेले भनिन्, 'यी कोशेढुंगाहरुबीच सम्बन्ध हुनसक्छ र त्यसले मस्तिष्कमा प्रभाव पार्छ भनेर अनुमान लगाउन सकिन्छ ।' ३२ वर्षपछि पहिलेका दुई चरणको दाँजोमा मस्तिष्कको विकास स्थिर रहने अध्ययनले देखाएको छ । यस समय बौद्धिकता र व्यक्तित्व पनि विकास हुँदै जाने अन्य अध्ययनहरुले संकेत गरेका छन् । त्यस्तै मस्तिष्कका विभिन्न हिस्सा थप अलग र विशिष्टिकृत हुँदै जानेछन् ।

६६ वर्षपछि मस्तिष्कको कनेक्टिभिटी घट्न थाल्नेछ । ८३ वर्षपछि थप घट्नेछ । बुढ्यौंली र मस्ष्तिकमा रहेको ह्वाइट म्याटर कम हुँदै जाँदा यस्तो अवस्था आउनसक्ने बताइएको छ ।



# महिलामाथि डिजिटल हिंसा बढ्दो : ४ महिनामै २ हजार उजुरी

● टक नेपाल




श्रीमान् विदेशमा छँदा उनीसँग फेसबुक म्यासेन्जर र ह्वाट्सएपमा गफ गर्दा पठाएका अन्तरंग तस्बिर र भिडियोहरू श्रीमान्ले अरू साथीभाइलाई 'फरवार्ड' गरिदिएको थाहा पाएपछि काठमाडौंकी एबीसी (नाम परिवर्तन) छाँगाबाट खसेझैं भइन्। एक गैरसरकारी संस्थामा 'एकाउन्टेन्ट' को काम गर्ने उनलाई श्रीमान्कै एक जना केटा साथीले त्यसबारे बताएका थिए। सुरुमा उनले पत्याइनन् तर जब ती साथीले उनका तस्बिर उनैलाई 'फरवार्ड' गरिदिए, बेहोसझैं भइन्।

'बूढाबूढीबीच इन्टिमेट सेयरिङ भइहाल्छ, आफ्नै बूढाले त्यस्तो गर्छन् भन्ने कसैले कल्पना गर्न सक्दैन,' उनले भनिन्, 'ऊ नेपाल फर्किने बेला भएको थियो, कतारमा छउन्जेल केही भनिनँ। यहाँ आएपछि साइबर ब्युरोमा उजुरी दिएँ।'

प्रहरीले उनका श्रीमान्को डिभाइसहरू जाँच गर्दा प्रशस्त प्रमाण फेला परे। उनलाई पक्राउ गरी विद्युतीय कारोबार ऐन, २०७३ को दफा ४७ बमोजिम मुद्दा चलाइएको थियो। श्रीमान्ले श्रीमतीकै अन्तरंग तस्बिर दुरुपयोग गरेको यो घटना प्रहरीलाई भने नौलो थिएन। पछिल्लो समय साइबर ब्युरोमा डिजिटल हिंसासम्बन्धी यस्ता घटना बढ्दो रूपमा दर्ता भइरहेका छन्। साइबर ब्युरोको 'पिलर फाइभ' अर्थात् महिला तथा बालबालिकासँग सम्बन्धित घटनाहरू हेर्ने शाखाकी प्रहरी निरीक्षक दीपा भट्टराईका अनुसार अहिले धेरैजसो घटना 'ब्ल्याकमेल', 'एक्सटोर्सन', 'रिभेन्ज पोर्न' मा आधारित छन्। आर्थिक वर्ष २०८२/८३ को कात्तिक मसान्तसम्म ब्युरोमा महिला हिंसासम्बन्धी करिब २ हजार ९ सय उजुरीहरू परेका छन्। २०८१/८२ मा ८ हजार ४ र २०८०/८१ मा ९ हजार महिलाले उजुरी दिएका थिए। 'वार्षिक तथ्यांकहरू हेर्दा नेपालमा महिलामाथि हुने डिजिटल हिंसा क्रमिक रूपमा बढिरहेको देखिन्छ,' प्रहरी निरीक्षक भट्टराई भन्छिन्, 'डिजिटल हिंसा केवल प्रेमी-प्रेमिकामा मात्र सीमित छैन, श्रीमान्–श्रीमतीबीच पनि हुने गरेको छ।'

ब्युरोमा प्राप्त समग्र उजुरीहरू र पक्राउ परेकाको तथ्यांक हेर्दा डिजिटल माध्यमबाट हुने हिंसामा महिलाहरू सबैभन्दा धेरै पीडित देखिन्छन्। ब्युरोमा चालु आवको कात्तिक मसान्तसम्म कुल ६ हजार हाराहारीमा उजुरी दर्ता भएकामा ४४ वटा मुद्दा अदालतसम्म पुगेका थिए। ती ४४ मुद्दामा संलग्न पीडितहरूमध्ये ३४ जना महिला रहेको ब्युरोका प्रवक्ता दीपकराज अवस्थीले जानकारी दिए।

'उजुरी दिने पीडितहरूमा १८ देखि २५ वर्ष उमेर समूहका व्यक्ति धेरै छन्, ग्रामीण परिवेशका महिला, शिक्षित महिला र सेलेब्रिटीहरूसमेत छन्,' उनले भने, 'डिजिटल माध्यमबाट हुने हिंसाको प्रकृति हेर्दा अधिकांश घटनाहरू सामाजिक सञ्जालसँग जोडिएका छन्।' उनका अनुसार यस्ता घटनाहरूमा सम्बन्ध राम्रो हुँदा आदानप्रदान गरिएका डकुमेन्ट, तस्बिर वा भिडियोहरूको दुरुपयोग गरी धम्क्याउने, गाली बेइज्जती गर्ने वा अश्लील सन्देश पठाउने (सेक्सटिङ) जस्ता गतिविधिहरू धेरै देखिन्छन्।

सामाजिक सञ्जालमा सक्रिय पूर्वमिस नेपाल माल्भिका सुब्बाले डिजिटल हिंसाको सबैभन्दा ठूलो असर मानसिक स्वास्थ्यमा पर्ने बताइन्। उनका अनुसार यस्तो हिंसाका कारण पीडितलाई सामाजिक सञ्जाल चलाउन मन नलाग्ने, मान्छेहरूसँग बोल्न मन नलाग्ने र 'मैले नै केही गल्ती गरें कि, म नै चरित्रहीन हुँ कि ?' भन्नेजस्ता हीनताबोधको भावना आउँछ।

'सेलेब्रिटी, अभिनेत्रीहरूले डिजिटल माध्यममा धेरै हिंसा भोग्नुपर्छ, मैले पनि धेरै वर्षसम्म मै पो गलत हुँ कि भन्ने कुराहरू मनमा साँचेर राखें,' उनी भन्छिन्, 'जब मैले डेभलपमेन्ट सेक्टरमा काम गर्न थालें, त्यसपछि बल्ल थाहा भयो, यसमा त हामी होइन, जसले हिंसा गरिरहेको छ, उनीहरू पो दोषी रहेछन्।' आजभोलि गायिका, अभिनेत्रीहरूले यसविरुद्ध साहसी रूपमा आवाज उठाउन थालेकामा प्रशंसा गर्दै उनीहरूलाई हौसला दिनुपर्ने माल्भिकाको भनाइ छ।

नेपालमा महिलामाथि बढ्दै गएको डिजिटल हिंसासम्बन्धी महिला, कानुन र विकास मञ्च (एफडब्लूएलडी) र सञ्चारिका समूहले सोमबार आयोजना गरेको अन्तरक्रिया कार्यक्रमका वक्ताहरूले पनि डिजिटल हिंसा नियन्त्रण गर्न खुला संवाद तथा कानुनी सुधार अपरिहार्य रहेकामा जोड दिएका थिए। अधिवक्ता सविन श्रेष्ठले अहिले हिंसाका सबै माध्यमहरू डिजिटल भइसक्दा नेपालमा साइबर अपराधलाई सम्बोधन गर्ने उचित कानुनसमेत नभएको औंल्याए।

'अनलाइन कारोबार नियमन गर्न बनाइएको विद्युतीय कारोबार ऐनलाई नै साइबर अपराध नियमनमा प्रयोग गरिएको छ,' उनले भने, 'सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक र सामाजिक सञ्जालसम्बन्धी विधेयकमा लैंगिक दृष्टिकोण समावेश छैन।'

अधिवक्ता श्रेष्ठले 'हेट स्पिच' को परिभाषामा वर्गीय, जातीय, धार्मिक मात्र नभई 'लैंगिक' शब्द पनि थपिनुपर्ने सुझाव दिए। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका निमित्त सचिव उदयबहादुर रानाले प्रतिनिधिसभामा छलफलका क्रममा रहेको साइबर कानुन (सूचना प्रविधि विधेयक) संसद् नै भंग भएकाले हाल शून्य अवस्थामा पुगेको र अब त्यहींबाट पुनः सुरु गर्नुपर्ने अवस्था रहेको बताए। 'सामाजिक सञ्जाल प्लाटफर्महरू विदेशमा दर्ता भएकाले समस्याग्रस्त कन्टेन्टहरू हटाउन कठिन हुने गरेको छ,' उनले भने, 'नेपालबाट अनुरोध गर्दा सिंगापुरमा रहेका प्लाटफर्मका हेडक्वार्टरहरूले तत्काल कुरा नसुन्ने वा धेरै समय लगाउने गरेका छन्।'

अधिवक्ता श्रेष्ठले अहिलेको कानुनमा मुद्दा दर्ता गर्ने हदम्याद ३५ दिन मात्र रहेको र यो पर्याप्त नभएको पनि औंल्याए। सामाजिक सञ्जाल विधेयकमा ३ महिना र सूचना प्रविधि विधेयकले ६ महिना प्रस्ताव गरे पनि प्लाटफर्महरू नेपालमा दर्ता नभएसम्म यस्ता मुद्दा सल्टाउन कठिनाइ हुने उनको भनाइ छ।

साइबर ब्युरोका प्रवक्ता दीपकराज अवस्थीले भने दर्ता भएकै प्लाटफर्महरूले पनि महिलामाथि हुने डिजिटल हिंसाका घटनामा प्रहरीलाई पर्याप्त सहयोग नगरेको अनुभव सुनाए। 'बरु मेटाले कहिलेकाहीं युजर डिस्क्लोजर दिन्छ तर टिकटकबाट युजर डिटेल पाउन कठिन भएकाले अनुसन्धानमा ढिलाइ हुन्छ,' उनले अनुभव सुनाए, 'यस्ता घटनाहरू प्राविधिक रूपमा पुष्टि गर्नुपर्ने भएकाले सामाजिक सञ्जालबाट युजर डिटेलहरू नआएसम्म हामी केही गर्न सक्दैनौं।'


**विश्वका ३८ प्रतिशत महिलामाथि अनलाइन हिंसा**

यस वर्ष महिलामाथि हुने हिंसाविरुद्धको १६ दिने अभियान चलिरहँदा संयुक्त राष्ट्रसंघ (यूएन) ले डिजिटल हिंसाविरुद्धको मुद्दालाई २०२५ को आफ्नो मूल 'थिम' नै बनाएको छ। नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म सञ्चालन गरिने अभियानमा यसपालि डिजिटल माध्यमबाट हुने हिंसाविरुद्ध आवाज उठाइँदै छ।

राष्ट्रसंघले विश्वव्यापी रूपमा सबैभन्दा धेरै हुने मानवअधिकार उल्लंघनका घटनामध्ये महिला र बालबालिकाविरुद्धको हिंसा प्रमुख रहेको जनाएको छ। भौतिक रूपमा हुने घरेलु हिंसा र यौन दुर्व्यवहारको समस्या यथावत् रहँदा अनलाइन प्लाटफर्मले यसलाई अझै विकराल बनाएको विभिन्न अध्ययनले देखाएका छन्।

# वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण शुल्क बढाएर साढे ९ हजार

● टक नेपाल




सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण शुल्क बढाएर ९ हजार ५ सय रुपैयाँ बनाएको छ। तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले शुल्क बढाउने निर्णय गरेका थिए। त्यसअघि स्वास्थ्य व्यवसायीले वैदेशिक रोजगारीमा जाने श्रमिकबाट ६ हजार ५ सयसम्म लिने गरेका थिए।

तत्कालीन मन्त्री भण्डारीले ८ चैत २०८१ को मन्त्रीस्तरीय निर्णय गर्दै सबै परीक्षणको प्याकेजमा ९ हजार ५ सय रुपैयाँ कायम गरेका थिए। उनको निर्णय आजदेखि लागु भएको हो।

स्वास्थ्य परीक्षण सेवा गुणस्तरीय बनाउन भन्दै सरकारले ३४ प्रकारका स्वास्थ्य परीक्षण गर्नुपर्ने र त्यसका लागि शुल्कसमेत बढाउने निर्णय गरिएको थियो।


सरकारले तत्कालीन समयमा शुल्क बढाउने निर्णय गरे पनि चौतर्फी विवादका कारण कार्यान्वयनमा आउन सकेको थिएन।

यतिबेला विभागीय मन्त्रीसमेत नभएको अवस्थामा स्वास्थ्य व्यवसायीले उक्त बढेको शुल्क आजदेखि कार्यान्वयनमा ल्याएका हुन्। नेपाल स्वास्थ्य व्यवसायी महासंघ र नेपाल मेडिकल व्यवसायी संघले संस्थामा आबद्ध व्यवसायीलाई पत्राचार गर्दै बढेको शुल्क कार्यान्वयन गर्न भनेका छन्।


३४ प्रकारका परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको, त्यसका लागि शुल्क ९ हजार ५ सय लिन, सरकारले थप गरेका परीक्षण अनिवार्य रूपमा कार्यान्वयन गर्न संस्थाहरूले व्यवसायीलाई अनुरोध गरेका छन्।

सबै स्वास्थ्य संस्था प्रविधिमैत्री (डिजिटलाइजेसन) बनाउने कार्य मन्त्रालयले निरन्तर गरिरहेको महासंघले जनाएको छ।





# प्रधानमन्त्रीको सुशासनको प्रतिबद्धतामा दुई धब्बा




● टक नेपाल

जेनजी आन्दोलनको जगमा पहिलो महिला प्रधानमन्त्री बनेकी सुशीला कार्कीले वर्षौंसम्म नातावाद/ कृपावादविरुद्ध आवाज उठाइन् ।

न्यायिक र लोकतान्त्रिक प्रणालीको शुद्धताको वकालत गरिन् । प्रधानन्यायाधीशबाट अवकास पाएपछि पनि सुशासनको पक्षमा खरो उत्रिइन् । यही छविका कारण जेनजी आन्दोलनपछि उनले मुलुकको प्रधानमन्त्री बनेर शासनको बागडोर सम्हाल्ने जिम्मेवारी पाइन् ।

जेनजी आन्दोलनकारी मात्र होइन, संकटमा परेको बेलामा पार लगाउन सक्ने निष्कलंक र हक्की स्वभावकी कार्की प्रधानमन्त्रीको रुपमा राष्ट्रिय /अन्तर्राष्ट्रिय सबै तहबाट स्वीकार्य बनिन् ।

तर, सरकार गठन भएको तीन महिना नबित्दै उनले सबैभन्दा विश्वास गरेर नियुक्त गरेका महान्यायाधिवक्ता सविता भण्डारी र प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठ नै सुशासन र न्यायिक प्रतिबद्धताका सन्दर्भमा प्रश्नको घेरामा तानिएका छन् ।

कतिपयले यो घटनालाई सामान्य रूपमा लिएका हुनसक्छन् । विगतमा राजनीतिक दलका सरकारहरूले गरेका गल्तीहरूको तुलनामा यो केही होइन भन्दै हल्का टिप्पणी पनि भइरहेका छन् । तर, विगतका त्रुटिसँग तुलना गरेर यो घटनालाई हल्का ठान्ने वा चित्त बुझाउने स्थिति छैन । यो त कार्कीको निष्कलंक र अग्लो नैतिक उचाइलाई सिधै चुनौती दिने खालको घटना हो ।

किनकि भ्रष्टाचार र राजनीतिमा मौलाएको नातावाद/कृपावाद (नेपोबेबी) को विपक्षमा सडकमा जेनजी पुस्ताले रगत बगाएर गरेको विद्रोहले संसद्बाट निर्वाचित प्रधानमन्त्रीलाई विस्थापन गरेर बनेको सरकार हो यो । यो सरकार निर्माणको सन्दर्भ र जेनजी विद्रोहले चुक्ता गरेको मूल्यको बलमा बनेको सरकारको यी त्रुटि परिवर्तन चाहने नयाँ पुस्ताको लागि पहिलो गाँसमै ढुंगा बनेको छ ।

एकातिर, प्रमुख स्वकीय सचिवले पत्नी र नातेदारलाई सचिवालयमा भित्र्याए भन्ने कुरा बाहिर आएको छ । यो कुरा श्रेष्ठ आफैंले स्वीकारेका छन् । प्रधानमन्त्रीको सचिवालयले नै पनि यो स्पष्ट पारेको छ ।

अर्कातिर, सरकारको सम्पूर्ण कानुनी काम गर्ने र प्रधानमन्त्रीको मुख्य कानुनी सल्लाहकार जस्तो भूमिकामा रहने महान्यायाधिवक्तामाथि 'आफ्नै लगानी रहेको कम्पनीको बचाउ गरी मुद्दा नचलाउने' निर्णय गरेको गम्भीर घटना सार्वजनिक भएको छ । यस्तो अवस्थामा अवश्य प्रश्न उठेको छ- प्रधानमन्त्री कार्कीले वकालत गर्दै आएको सुशासन र न्यायको मुद्दाको कसरी व्यावहारिक फैसला हुन्छ ?

प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठले पत्नी संगीता श्रेष्ठलाई सहसचिवसरह स्वकीय सहसचिव बनाएको कुरा खुलेपछि सरकारकै प्रतिबद्धतामा केही चोट पुगेको छ । अन्य नातेदारहरू पनि नियुक्तिमा संलग्न भएको कुरा छ । सबै एकै दिन, एउटै तरिकाले नियुक्त भएका थिए ।

यी नियुक्तिको प्रतिवादमा प्रधानमन्त्रीको लागि २४ घण्टा नै खट्नुपर्ने 'विश्वासिलो मान्छे' आवश्यक परेको भन्ने तर्क सचिवालयबाट आएको छ । स्वयं श्रेष्ठले पनि यही तर्क गरेका छन् । तर यो कमजोर तर्क हो । किनकि राज्यको संवेदनशील कार्यालयमा रहने 'विश्वासिलो' व्यक्तिको परिभाषा परिवारको नियुक्तिमा मात्र सीमित हुने हो भने त्यसले नातावादलाई वैधानिकता दिलाउने खतरा हुन्छ ।

## चार महिनामा
# थपियो ५५ अर्ब ३६ करोड सार्वजनिक ऋण

● डा. मुकेशराज काफ्ले



गत कात्तिकसम्म सरकारले तिर्न बाँकी सार्वजनिक ऋण २७ खर्ब २९ अर्ब ४१ करोड रुपैयाँ पुगेको छ। यो नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) सँगको अनुपातमा ४४.६९ प्रतिशत हो। गत असारसम्म सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब ४ करोड रुपैयाँ थियो। गत असोजको तुलनामा कात्तिकसम्म तिर्न बाँकी सार्वजनिक ऋण केही बढेको छ। गत असोजसम्म तिर्न बाँकी सार्वजनिक ऋण २७ खर्ब २४ अर्ब ६५ करोड रुपैयाँ थियो।

तिर्न बाँकी सार्वजनिक ऋणमध्ये आन्तरिक १२ खर्ब ७५ अर्ब ९६ करोड (जीडीपीको २०.८९ प्रतिशत) र बाह्य १४ खर्ब ५३ अर्ब ४५ करोड रुपैयाँ (जीडीपीको २३.८० प्रतिशत) रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले बताएको छ। गत असार मसान्तको तुलनामा कात्तिक मसान्तसम्म तिर्न बाँकी सार्वजनिक ऋण ५५ अर्ब ३६ करोड रुपैयाँ थपिएको हो।

गएको चार महिनामा १ खर्ब ३८ अर्ब ७५ करोड ऋण प्राप्ति हुँदा १ खर्ब ५० अर्ब ८८ करोड ऋण भुक्तानी भएको छ। भुक्तानी भएको कुल रकममध्ये १ खर्ब २७ अर्ब ६१ करोड रुपैयाँ साँवा र बाँकी २३ अर्ब २७ करोड रुपैयाँ ब्याजका लागि खर्च भएको छ।

सार्वजनिक ऋणको ब्याज भुक्तानीमा प्रयोग भएको रकम चालु खर्चमा समावेश गरिन्छ। यसकारण उक्त अवधिमा उठाइएको १ खर्ब ३८ अर्ब ७५ करोड रकममा साँवा भुक्तानीमा खर्च भएको १ खर्ब २७ अर्ब ६१ करोड रुपैयाँ घटाइन्छ। त्यसरी आउने रकममा विदेशी मुद्राको विनिमय दरमा परिवर्तन आउँदा भएको ४४ अर्ब २२ करोड जोड्दा गएको दुई महिनामा ५५ अर्ब ३६ करोड रुपैयाँ सार्वजनिक ऋण थपिएको हो।

चालु आर्थिक वर्षको पहिलो चार महिना (साउन, भदौ, असोज र कात्तिक) मा सरकारले १ खर्ब ३८ अर्ब ७५ करोड रुपैयाँ संकलन गरेको छ। यस अवधिमा संकलित सार्वजनिक ऋण वार्षिक लक्ष्यको २३.२९ प्रतिशत हो। गएको चार महिनामा आन्तरिक ऋणको प्राप्ति १ खर्ब २० अर्ब (वार्षिक लक्ष्यको ३३.१५ प्रतिशत) र बाह्य ऋण १८ अर्ब ७५ करोड (वार्षिक लक्ष्यको ८.०३ प्रतिशत) छ। यस वर्ष सरकारले ५ खर्ब ९५ अर्ब रुपैयाँ सार्वजनिक ऋण उठाउने लक्ष्य तोकेको छ। आन्तरिक ऋणको प्राप्ति राम्रो भए पनि बाह्य निकै कम रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको प्रतिवेदनबाट स्पष्ट देख्न सकिन्छ।

चालु आर्थिक वर्षको पहिलो चौमासमा सरकारले ऋणको साँवा-ब्याज भुक्तानीका लागि १ खर्ब ५० अर्ब ८८ करोड रुपैयाँ भुक्तानी गरेको छ। यो वार्षिक लक्ष्यको ३६.७१ प्रतिशत हो। यसमध्ये आन्तरिक ऋणको साँवा तथा ब्याजका लागि १ खर्ब ३१ अर्ब ६५ करोड (३८.३२ प्रतिशत) र बाह्य ऋणको साँवा तथा ब्याजका लागि १९ अर्ब २३ करोड (२८.५१ प्रतिशत) खर्च भएको कार्यालयको तथ्यांक छ। यस आर्थिक वर्षमा सरकारले ऋण सेवा खर्चमा ४ खर्ब ११ अर्ब १ करोड रुपैयाँ विनियोजन गरेको छ।

अमेरिकी डलरलगायत विदेशी मुद्राको भाउ बढेका कारण नेपालले तिर्न बाँकी सार्वजनिक ऋणमा गत कात्तिकमा पनि ४४ अर्ब २२ करोड रुपैयाँ अतिरिक्त भार थपिएको प्रतिवेदनमा उल्लेख छ। विनिमय दर परिवर्तनका कारण पछिल्ला ७ आर्थिक वर्षमध्ये ४ वटामा घाटा रहेको छ भने बाँकी वर्षमा नाफा छ।

गत कात्तिकसम्मको कुल तिर्न बाँकी सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ४४.६९ प्रतिशत हो। राष्ट्रिय तथ्यांक कार्यालयले चालु आर्थिक वर्षमा जीडीपी ६१ खर्ब ७ अर्ब रुपैयाँ पुग्ने प्रक्षेपण गरेको छ। गत कात्तिकसम्मको कुल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५३.२५ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४६.७५ प्रतिशत छ।

बढ्दो ऋण चुक्ता दायित्वसँगै पुँजीगत खर्चको स्तर र वित्तीय व्यवस्थाका लागि विनियोजित बजेटबीचको अन्तर फराकिलो हुँदै जाँदा भविष्यमा सरकारको लगानी गर्न सक्ने सामर्थ्यमा संकुचन ल्याउने जोखिम हुन्छ। परिणाम वित्तीय असन्तुलनको खतरा पनि उत्तिकै रहेको जानकारहरू बताउँछन्।

आर्थिक वर्ष २०८०/८१ र आर्थिक वर्ष २०८१/८२ मा वित्तीय व्यवस्थापन शीर्षकको विनियोजनले पुँजीगत खर्चको आकारलाई उछिनेको थियो। यसको अर्थ सरकारको प्राथमिकता विकासमा भन्दा सार्वजनिक ऋणको साँवा भुक्तानीमा छ भन्ने हो। तर, चालु आर्थिक वर्षमा भने सरकारले वित्तीय व्यवस्थापन शीर्षकमा विनियोजन गरेको बजेटभन्दा पुँजीगत खर्चमा छुट्याएको रकम धेरै छ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विगहरुको विशेषज्ञ डाक्टरहुद्धा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014